# **भैरबी विपद् पीडित राहत वितरण कार्यविधि, २०८०**

**प्रस्तावना:** प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट भैरबी गाउँपालिकावासी नागरिकको जीउ,ज्यान र सम्पत्तिक्षति भएको अवस्थामा आर्थिक सहयोग तथा राहत वितरण गर्ने कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

भैरबी गाउँपालिकाको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७९ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो ऐन बनाएको छ।

परिच्छेद – १

## **संक्षिप्त नाम र प्रारम्भ**

**१. संक्षिप्त नाम र प्रारम्भ:**-(१)यो मापदण्डको नाम “भैरबी विपद् राहत वितरण तथा आर्थिक सहयोग कार्यविधि, २०८०” रहेको छ।

(२)यो कार्यविधितुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा:**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले भैरबी गाउँपालिकाको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७९ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले भैरबी गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले भैरबी गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(घ) "गैरप्राकृतिक विपद्" भन्नाले महामारी, विद्युत सर्ट, अनिकाल,डढेलो,किट वा सुक्ष्म जिवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, प्याण्डामिक फ्लु, सर्पदंश, जनावर आतङ्क,हवाई सडक जल दुर्घटना, आगलागी,खानी वाग्याँस विष्फोटन, विषाक्त खाद्यसेवन, वातावरणीय प्रदुषण, वन विनाश, भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक कारणले उत्पन्न हुने विपद् सम्झनु पर्छ।

(ङ) "प्राकृतिक विपद्" भन्नाले हिमपात, असिना, अतिवृष्टि, अनावृष्टि, अल्पवृष्टि, बाढी, पहिरो, भूस्खलन, खडेरी, आँधिहुरी, वतास, चट्याङ्ग, ढुङ्गाखस्ने, भूकम्प, ज्वालामुखी, विस्फोटन, डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न हुने जुनसुकै विपद् सम्झनु पर्छ।

(च) "राहत" भन्नाले विपद् पीडित ब्यक्तिलाई प्रदान गरिनेखाद्य र गैह्रखाद्य सामग्रीसम्झनु पर्छ।

(छ) "व्यवस्थापन समिति" भन्नाले विपद् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ।

(ज) "विपद्" भन्नाले कुनै स्थानमा आपतकालिन अवस्था सिर्जना भई जनधनको क्षतिका साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्छ।

(झ) "सामाजिक संघसंस्था" भन्नाले मुनाफा आर्जन गर्ने वा नगर्ने उद्देश्य राखी कानून बमोजिम दर्ता भएका संघसंस्था सम्झनु पर्छ।

परिच्छेद-२

## **आर्थिक सहयोग तथा राहत सम्बन्धी ब्यवस्था**

**३.राहत वितरण गर्न सक्नेः** गाउँपालिकाले प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट भैरबी गाउँपालिकावासी नागरिकको जीउ, ज्यान र सम्पत्तिक्षति भएको अवस्थामाआर्थिक सहयोग तथा राहत वितरण गर्न सक्नेछ।

**४.निवेदन दिनुपर्ने:**(१)प्राकृतिक वा गैरप्राकृतिक विपद्बाट प्रभावित ब्यक्तिले आर्थिक सहयोग तथा राहतप्राप्तिको लागि कार्यालयसमक्ष अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१)बमोजिमको निवेदनसंगदेहायबमोजिमका कागजात संलग्न राख्नुपर्नेछः-

(क)सम्बन्धित वडा कार्यालयको सिफारिस,

(ख)सम्बन्धित प्रहरी कार्यलयको स्थलगत सर्जमिन मुचुल्का,

(ग) विपद्बाट भएको क्षतिको फोटो,

(घ)आवश्यक भएमा क्षतिको प्राविधिक मुल्याङ्कन,

(ङ)नागरिकता प्रमाणपत्रकोप्रतिलिपि,

(च)बैङ्क खाता नम्बर,

(छ)कार्यालयले माग गरेका अन्य कागजात।

**५.कार्यपालिका समक्ष पेश गर्नुपर्नेः** कार्यालयमा पेश हुन आएका निवेदन कार्यालयले निर्णयका लागि कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

परिच्छेद-३

## विपद् व्यवस्थापन कोष सम्बन्धी व्यवस्था

**७.कोष रहने:**(१) गाउँपालिकामा विपद् व्यवस्थापन कोष नामको एक कोष रहनेछ।

(२) उपदफा (१)बमोजिमको कोषमा देहाएबमोजिमको रकम रहनेछः-

(क) गाउँसभाले विनियोजन गरेको रकम,

(ख) सामाजिक संघसंस्थाले प्रदान गरेको रकम,

(ग) प्रदेश सरकारबाट प्राप्त रकम,

(घ) नेपाल सरकारबाट प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम,

(३) उपदफा (१) बमोजिमको कोषको स्थापना नभए सम्म गाउँपालिकाले प्रत्येक आर्थिक वर्षमा विपद् व्यवस्थापन शीर्षकमा आवश्यकताअनुसार वजेट विनियोजन गरी सोही शीर्षकवाट खर्च गर्नुपर्नेछ।

**८. संयुक्त दस्तखतबाट सञ्चालन हुनेः** दफा ७ बमोजिमको कोषको सञ्चालन कार्यालय प्रमुख र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

परिच्छेद-४

## विपद्को व्यवस्थापनतथा राहत सम्बन्धी व्यवस्था

**९.विपद् प्रभावितको वर्गीकरणः**गाउँपालिकामा आइपर्ने विपद्बाट प्रभावित नागरिकको वर्गीकरण देहाएबमोजिम हुनेछः–

(क) सामान्य प्रभावित:भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी, अनिकाल, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, सर्पदंश, जनावर आतङ्क, आदिवाट सामान्य क्षति भएका व्यक्ति, परिवार तथा संघसस्था,

(ख)आंशिक प्रभावित: घरमा सामान्य क्षति भई बस्न योग्य रहेका, बाढीपहिरोले खेतवारी सामान्य क्षति पुऱ्याएका, आगलागी भई घर, चौपाया, पशुपंक्षी तथामानवीय रुपमासामान्य भौतिक क्षति भएका व्यक्ति, परिवार तथा संघसस्था,

(ग)अति प्रभावित: प्राकृतिक वा मानव सिर्जित विपद्बाट प्रभावित भई धनजनको क्षति व्यहोरेका, परिवारका सदस्यको मृत्यु भएका, घर एवम् अन्य भौतिक पूर्वाधार नष्ट

भएका, अङ्गभङ्ग भएका, जिवीकोपार्जनका लागि अरुमाथि आस्रित हुन पुगेकाव्यक्ति, परिवार तथा संघसंस्था।

**<u>१०. वडामा विपद् व्यवस्थापनः</u>**गाउँपालिकाको कुनै वडामा विपद् आएमा देहाएबमोजिम व्यवस्थापन गरिनेछः–

(क)विपद् प्रभावित स्थानको पहिचान गरी तत्काल उद्धारको व्यवस्था गर्ने,

(ख) उद्धारपछी विपद् प्रभावित व्यक्ति परिवार तथा संघसस्थाको वर्गीकरण गरी वडा कार्यालयमार्फत लगत राख्ने व्यवस्था मिलाउने,

(ग) पीडितको सर्जमिन मुचुल्का गराउन लगाईवडा समितिको बैठकबाटआर्थिक सहयोग तथा राहतका लागि गाउँ विपद् व्यवस्थापन समितिसमक्ष सिफारिस गर्ने,

(घ) गाउँ विपद् व्यवस्थापन समितिसमक्ष राहत वितरणका लागि सिफारिस गर्ने।

**<u>११.राहत तथा आर्थिक सहयोग वितरण गर्नेः</u>** गाउँपालिकाले विपद् पीडित तथा प्रभावित नागरिकलाई अनुसूची-२ बमोजिमको राहत तथा आर्थिक सहयोग वितरण गर्नेछ।

## परिच्छेद-५

## <u>विविध</u>

**<u>१२. प्रशासनिक व्यवस्थाः</u>** राहत तथा आर्थिक सहयोग व्यवस्थापनको कार्यगाउँपालिकाको कर्मचारीवाट सञ्चालन हुनेछ।

**<u>१३. जिम्मेवारी र जवाफदेहीताः</u>**(१)राहत तथा आर्थिक सहयोगको सम्पूर्ण जिम्मेवारी र जवाफदेहीता विपद् व्यवस्थापन समितिको हुनेछ।

(२) विपद् व्यवस्थापन कोषको खर्च लेख्ने, लेखा राख्ने वा राख्न लगाउने, लेखापरीक्षण गराउने दायित्व प्रमुख प्रशासकीय अधिकृत र निजको निर्देशनमा लेखा शाखा प्रमुखको हुनेछ।

**<u>१४.कार्यविधि संशोधन तथा बाधा अड्काउ फुकाउः</u>(१)** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आईपरेमा गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ।

(२) यस कार्यविधिलाई संशोधन गर्न आवश्यक देखिएमा विधायन समितिको सिफारिसमा गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

**अनुसूची-१**

**(दफा ४ को उपदफा (१) संग सम्बन्धित)**

मितिः ..................................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

श्री भैरवी गाउँकार्यपालिकाको कार्यालय,

भैरीकालिकाथुम, दैलेख ।

**विषयः राहत पाउँ।**

सेवामा निवेदन पेश गर्नाको कारण यो छ कि मिति ....................... मा बाढी/ पहिरो/ आगलागी/ असिना/ चट्याङ्ग/ वर्डफ्लु/ सर्पदंश/ भुकम्प/ ढुङ्गा खस्ने/ जङ्गली जनावरबाट क्षति/ पशु रोग/ अन्य फ्लु/ दुर्घटना वा अन्य प्राकृतिक तथा गैर प्राकृतिक विपद्को कारणले म/ मेरो/ हाम्रो घर परिवार/ बालीनाली/ पशुचौपाया पंक्षीहरु/ मानवीय क्षति/ घर पसलमा क्षति/ बालीनालीमा क्षति/ अंगभंग भई विपद्मा परेकाले उक्त विपदको तत्कालै प्रतिकार्यका लागि राहात रकम/ राहत सामग्री उपलब्ध गराइदिनुहुन विनम्र अनुरोध गर्दछौ।

. . . . . . . . . . . . . . . . . . . . . .

निवेदक

**अनुसूची-२**

**(दफा ११ संग सम्बन्धित)**

| **क्र.सं.** | **विपद्/क्षतिको प्रकार** | **आर्थिक सहयोग तथा राहत वितरणको सीमा** |
|---|---|---|
| १. | सामान्य प्रभावित | रु. ५,०००/- सम्म |
| २. | आंशिक प्रभावित | रु. ७,०००/- सम्म |
| ३. | अति प्रभावित | |
| | (क) परिवारको एकजना सदस्यको मृत्यु भएमा रु १५,०००/- र थप प्रतिव्यक्ति रु १०,०००/-<br>(२) घरवार विहीन भएका परिवारलाई प्रति परिवार रु २००००/-<br>(३)अङ्गभङ्ग भएका परिवारलाई प्रतिव्यक्ति रु १००००/-<br>(४) शारिरीक रुपमा घाईते भई उपचाररत अवस्थामा रहेका प्रतिव्यक्ति रु १००००/-<br>(५) महिला बालबालिका तथा ज्येष्ठ नागरिक सम्बन्धी काम गर्ने संस्था अति प्रभावितको सिफारिसमा परेका भए मर्मत सम्भार तर्फ रु १००००/- तथा अन्य संस्थालाई रु ५०००/-<br>(६) प्रकोपको घटनामा परी घाईते भएका बिरामीलाई उपचारका लागि जिल्लाअस्पताल वा नजिकको स्वास्थ्यकेन्द्रमा लैजानु पर्ने घाईते गरीव असहाय वा आर्थिक अवस्था कमजोर रहेछ भने त्यस्तो घाईतेलाई अस्पताल लैजादाको एम्बुलेन्स खर्च भुक्तानी गरिनेछ ।<br>(७) प्राकृतिक प्रकोप तथा मानवीय कारणबाट पशु चौपाया तथा गोठको क्षति भएमा देहाएबमोजिम सहयोग गरिनेछ –<br>(ख) पशुगोठ नष्ट भएमा प्रति गोठ रु. ५०००-१००००/-<br>(ग) कुखुराको खोर नष्ट भएमा प्रतिखोर रु. ३०००-६०००/-<br>(घ) गाई गोरु तथा रागा भैसि प्रतिगोटा रु. १०००-१५०००/-<br>(ङ) बोका बाख्रा भैडा च्याङ्ग्रा प्रतिगोटा रु. ५०००/-<br>(च) हाँस कुखुरा जन्य पंक्षि प्रतिगोटा रु. २००/-<br>(छ) माछा पोखरी प्रति पोखरि रु. ६०००/-<br>(ज) सिँचाई पोखरी प्रति पोखरी रु. ८०००/- | |